# आर्थिक बर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम

## रुबि भ्याली गाउँपालिका

### सेर्तुङ, धादिङ्ग

३ नं. प्रदेश, नेपाल

### बि.सं. २०७५ साल असार १० गते

www.rubyvalleymun.gov.np

rubyvalleymun2017@gmail.com

गाउँसभाका आदरणीय अध्यक्ष एवं गाउँपालिका अध्यक्षज्यू,

सभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँपालिकाका कर्मचारी मित्रहरु, उपस्थित महानुभाव विषयगत कार्यालयका कार्यालय प्रमुखहरु सेर्तुङ प्रहरी चौकी प्रमुख, यस गाउँपालिका भित्र कार्यारत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख एवं प्रतीनिधीहरु तथा गाउँपालिकामा उपस्थित हुनुभएका महानुभावहरुमा मेरो व्यक्तिगत न्यानो अभिवादन टुक्र्याउन चाहान्छु ।

रुबिभ्याली गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस रुबिभ्याली गाउँपालिकाको तेस्रो गाउँसभाको बैठकमा आगामी आर्थिक बर्ष २०७५।०७६ को बजेट र नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित छु ।

मूलुकको आर्थिक, सामाजिक, राजीनितक र अग्रगामी परिवर्तनको लागि संघर्ष र आन्दोलनको क्रममा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिददरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै अग्रगामी परिवर्तन र संघीयताको लागि आन्दोलन र संघर्षका क्रममा घाइते, अंगभंग, बेपत्ता र पीडित परिवारजनहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु । संघीयताको प्राप्ती पछि स्थापना भएको स्थानीय सरकारको नेतृत्वमा पुऱ्याउनुहुने सम्पूर्ण रुबिभ्याली गाउँपालिकाका आदरणीय मतदाताहरुप्रति हार्दिक धन्यवाद व्यक्ति गर्दछु ।

स्थानीय सरकारको निर्वाचन भई पदभार संभालेको पनि एक वर्ष पूरा भैसकेको छ । हामी एकदमै नयाँ र फरक कार्यशैलीको अनुसरण गर्दै अगाडी बढिरहनु परेकोले हाम्रा अगाडि धेरै चुनौतीहरु छन् । हामीले कर्मचारीहरुको अभाव झेलिरहेका छौं एकातिर भने अर्कोतर्फ विकास र कार्यक्रमहरु पनि एकसाथ अगाडी बढाउनु परिरहेको अवस्था छ । साथसाथै हामीले हाम्रो आदरणीय गाउँवासीहरुसँग गरेका प्रतिवद्धता र वाचाहरुलाई पनि निभाउनु हाम्रो ठुलो जिम्मेवारी र चुनौती रहेको छ । यी सबै चुनौतीहरुका वावजुद पनि हामीले चुनौतीहरुलाई सहजरुपमा स्वीकृत गरी हाम्रो रुबि भ्याली गाउँपालिकाको समग्रं विकासको मार्गचित्रलाई साकार पार्न निरन्तररुपमाढ जुटिरहेका छौं । यस परिस्थितिमा रुबिभ्याली गाउँपालिकाका सम्पूर्ण आमा बुबा, दाजुभाई लगायत राजनीतिक दलहरु, संघ संस्था, लगायत नीजि क्षेत्र, नागरिक समाज सबैबाट सहकार्य र सकारात्मक सहयोगको पनि अपेक्षा गर्दछौं ।

सभाध्यक्ष महोदय,

अब म यस रुबि भ्याली गाउँपालिकाले आर्थिक बर्ष २०७५।०७६ मा अवलम्बन गर्ने क्षेत्रगत नीतिहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## १. आर्थिक विकास

### (क) कृषि/पशु

- कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा विकसित गर्दै लगिने नीति अवलम्बन गरिने छ ।
- कृषिको व्यावसायिकरण र आधुनीकरण गर्दै लगिनेछ ।
- एक गाउँ एक उत्पादनको नीतिलाई अवलम्बन गरिनेछ ।
- कृषिबाट पलायन भएको जनशक्तिलाई कृषिमा आकर्षिक गर्ने नीति अवलम्बन गरिनेछ ।
- कृषिमा उत्पादकत्व बृद्धि गर्नको लागि कृषिमा यान्त्रिकीकरण गरिनेछ ।
- कृषि सम्बन्धी समस्याहरुको पहिचानको लागि प्राविधिकको व्यवस्था गरिनेछ ।
- लोपोन्मुख स्थानीय रैथाने जातका बीउ बीजनहरुको संरक्षण गरिनेछ ।
- कृषकहरुका लागि उन्नतजातको बिउ, फलफुलका बिरुवाहरु, अलैंची, चियापत्ती, दाँते ओखर, बुद्धचित्त, रुद्राक्ष लगायत आय आर्जन हुने फलफूलका विरुवाहरु अनुदानमा उपलव्ध गराइनेछ ।
- कृषिमा नयाँ सम्भावनाहरुको खोजी गरिनेछ ।
- कृषि र पशु स्वास्थ्य सम्बन्धी मध्यम स्तरको जनशक्ति उत्पादनको लागि प्रत्येक वडाबाट गरिव, जेहेन्दार विद्यार्थी छनौट गरी अध्ययनका लागि छात्रबृद्धि उपलव्ध गराइनेछ ।
- सामूहिक तथा सहकारी खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- तरकारी तथा फलफूलका विरुवा र बिउ उत्पादनका लागि नर्सरीहरु स्थापना गर्ने कृषक समूह र सहकारीहरुलाई आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराइनेछ ।

**(ख) उद्योग तथा बाणिज्य**

- गाउँपालिकाभित्र स्थानीय श्रम, शीप र प्रविधिमा आधारित लघु उद्योगहरु स्थापना गर्ने नीति लिइनेछ ।
- दलित, अपाङ्ग, महिला, विपन्न वर्गका लागि आय आर्जन तथा रोजगारी सिर्जना हुने कार्यक्रमहरु सन्चालन गरिनेछ ।
- गाउँपालिकाभित्र सन्चालित सम्पूर्ण साना तथ ठूला व्यवसाय, पसल, होटेल र व्यवसायहरुलाई गाउँपालिकामा अनिवार्य दर्ता गराउने नीति लिइनेछ ।
- बजार अनुगमनको कार्यलाई कडाइका साथ लागु गरिनेछ ।
- कमसल मालसामान, बढी मूल्य र म्याद सकिएका सामानहरु बेचविखन गर्नेलाई कारवाहीको दायरामा ल्याइनेछ ।

**(ग) पर्यटन**

- पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय क्षेत्रको पहिचान, पूर्वाधार विकास र पर्यटकीय पदमार्गहरुको विकासमा विशेष ध्यान दिइनेछ ।
- पर्यटनको क्षेत्रमा क्रियाशील संघसंस्थाहरुसँग सहकार्य गर्दै अघि बढिनेछ ।
- पर्यटन सूचना केन्द्रहरु स्थापना गरिनेछ ।

**(घ) सहकारी**

- यस रुबिभ्याली गाउँपालिकाभित्रका सहकारीहरुलाई उत्पादनशिल र रोजगारी सिर्जना हुने खालका कार्यक्रमहरु सन्चालन गर्नेतर्फ प्रोत्साहन गरिनेछ ।
- सहकारी संस्थाहरुको अनुगमन, नियमन र सुशासनमा जोड दिइनेछ ।
- नागरिकहरुको आय आर्जन र जीवनस्तर उकास्ने कार्यक्रमहरुमा सहमारी संस्थाहरुलाई अग्रसर गराइने नीति लिइनेछ ।

**(ङ) बित्तीय क्षेत्र**

- यस रुबिभ्याली गाउँपालिका क्षेत्रभित्र हालसम्म कुनै पनि बैंक तथा बित्तीय क्षेत्रले कार्यक्षेत्र नबनाएको हुँदा बैंकिङ सेवा सुविधाबाट बञ्चित हुनु परेकोले बैंक तथा बित्तीय संस्थाहरु सेवा प्रवाहको लागि आएमा उचित वातावरण मिलाईने छ ।

- सर्बसाधारणहरुलाई आयलाई बचत गर्न प्रोत्साहन गरिनेछ ।

### (च) रोजगारी

- बेरोजगार युवा युवतीहरुको तथ्याङ्क संकलन गरी क्षमता र योग्यताको आधारमा सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ ।
- स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थहरुको सदुपयोग हुने गरी तालिम र उत्पादनमूलक कार्यक्रमहरु सन्चालनमा ल्याइने छ ।
- लघु उद्यमीहरुलाई प्रवर्द्धन र प्रोत्साहन गरिनेछ ।

## २. सामाजिक विकास

### (क) शिक्षा

- यस रुबिभ्याली गाउँपालिका भित्र सञ्चालित माध्यमिक विद्यालयहरुमा ईन्टरनेट सञ्जालमा जोडी ई-लाइब्रेरी स्थापना गर्न पहल गरिनेछ ।
- विद्यालयमा शैक्षिक गुणस्तर बृद्धि गर्न अध्यापन र परीक्षा प्रणालीलाई व्यवस्थित र आधुनिक बनाइनेछ ।
- विद्यालयमा अध्ययनरत विद्यार्थी संख्याको आधारमा विद्यालयलाई मर्ज र कक्षा निर्धारण गरिनेछ ।
- सबैको लागि शिक्षा अनिवार्य गरिनेछ ।
- गाउँपालिकाभित्रका सबै सामुदायिक र नीजि विद्यालयहरुको नियमित अनुगमन र मूल्याङ्कन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा अध्यापनरत शिक्षकहरुलाई समयसापेक्ष तालिमको व्यवस्था मिलाइनेछ ।
- हरेक विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरुमा जोड दिइनेछ ।
- स्थानीय जनप्रतिनिधि, कर्मचारी, विद्यालय व्यवस्थापन समिति र शिक्षकका सन्ततीहरुलाई भर्ना गर्ने तर्फ उत्प्रेरित गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा अध्ययनरत गरिव र जेहेन्दार छात्र छात्राहरुका लागि छात्रबृत्तिको व्यवस्था मिलाइने छ ।
- विद्यालय शिक्षालाई थप सुधार र परिणाममुखी बनाउनको लागि शिक्षा प्रशासनलाई चुस्त दुरुस्त बनाइनेछ ।

- गाउँपालिकाभित्र सन्चालित विद्यालयहरुको समग्ररुपमा मूल्याङ्कन गरी विशेष अनुदान को व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाभित्र स्नातक तहसम्म अध्ययनको वातावरण मिलाइनेछ ।
- सामुदायिक विद्यालयहरुमा कार्यरत नीजि श्रोतका शिक्षकहरुको आवश्यकतालाई पुनरावोलकन गरिनेछ ।

**(ख) सामाजिक चेतना**

- समाजमा रहेको विकृती, विसंगतीहरुको अन्त्यका लागि विशेष जागरण कार्यक्रम ल्याइनेछ । बाल विवाहमुक्त पालिका बनाउनको लागि विशेष खालका कार्यक्रमहरु सन्चालन गरिने ।
- समाजमा विद्यमान बालविवाहको अन्त्य गर्नको लागि चेतना फैलाउनुका साथै त्यस्तो कार्य गर्नेलाई कारवाही समेत गर्न सिफारिस गरिनेछ ।

(ग) **स्वास्थ्यः**

- बालबालिकाहरुको स्वास्थ्य, पोषण, भिटामिन 'ए' कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि गाउँपालिका, निजी तथा गैरसरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु सन्चालन गरिनेछ ।
- गाउँपालिकामा २५ शैयाको अस्पताल स्थापना गर्न उपयुक्त जग्गा पहिचान गरी प्रदेश र संघीय सरकार समक्ष माग गरिनेछ ।
- महिला स्वयंसेविकाहरुका लागि विशेष प्रोत्साहनको कार्यक्रम ल्याइनेछ ।
- मातृ-शिशु स्वास्थ्यमा सुधार ल्याउन गाउँपालिकामा परिचालित सरकारी/गैरसरकारी संस्थाका कार्यक्रमहरुलाई परिणाममुखी र प्रभावकारी बनाइनेछ ।

**(घ) खानेपानी तथा सरसफाई**

- सुविधा नपुगेका ठाउँमा खानेपानी सुविधा पुऱ्याइनेछ ।
- पूर्ण सरसफाई घोषणा गर्न बाँकी रहेका वडाहरुलाई छिट्टै पूर्ण सरसफाई वडा घोषणा गरी सिङगो गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गरिनेछ ।

**(ङ) संस्कृति प्रवर्द्धन**

- घले, तामाङ तथा गुरुङ जातिहरुको धर्म, सँस्कृति र परम्परा झल्कने गरी जातीय संग्रहालयको स्थापना गर्नुका साथै जातिय संस्कृतिको प्रवर्द्धन हुने खालका विभिन्न मेला, पर्व र जात्राहरुलाई निरन्तरता दिइनेछ ।

**(च) लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

- महिलाहरुको क्षमता अभिवृद्धिका लागि सीपमुलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- दलित, विपन्न वर्ग तथा अपाङ्गहरुको लागि सीपमुलक र क्षमता अभिबृद्धि हुने कार्यक्रम ल्याइनेछ ।
- घरेलु हिंसाको अन्त्यका लागि विशेष पहल गरिनेछ ।

## ३. पूर्वाधार विकास

**(क) सडक तथा पुल**

- हालैमात्र धादिङवेशी तिप्लीङ मुख्य सडकले यस गाउँपालिकालाई छुने क्रममा रहेको हुँदा मुख्य सडकबाट गाउँ वस्तीहरुसम्म सडक सन्जाल विस्तारको लागि आवश्यक पर्ने गुरुयोजना (DPR) तयार गरिनेछ । DPR तयार नगरिकन जथाभावी सडक खन्ने कार्यलाई दुरुत्साहन गरिनेछ ।
- सडक गुरुयोजना तयार गर्दा भविष्यमा हुने जनसंख्या बृद्धि, बस्ती विस्तार, शहरीकरण आदिलाई मध्यनजर गरी सडकको मापदण्ड तयार गरिनेछ ।
- पहाडी खोलाहरुमा आवश्यक स्थानहरुमा झोलुङ्गे पुल निर्माण गर्नका लागि पहल गरिनेछ ।
- भूकम्पबाट अति प्रभावित वस्तीहरुबाट स्थानीय बासिन्दाहरुलाई सुरक्षित स्थानको पहिचान गरी एकीकृत नमूना वस्तीको अवधारणा ल्याईनेछ । यस कार्यका लागि विभिन्न संघ संस्थाहरुसँग सहकार्यको नीति अवलम्बन गरिनेछ ।

**(ख) भवन**

- गाउँपालिकाभित्र भवन निर्माण गर्दा गाउँपालिकाको पूर्व स्वीकृति अनिवार्य गरिनेछ ।
- यसै आर्थिक बर्षमा गाउँपालिकाको लागि जग्गा पहिचान⁄प्राप्त गरी गाउँपालिकाको लागि भवन निर्माणको कार्य अघि बढाइनेछ ।

- आफ्नो नाममा भवन निर्माण हुन बाँकी रहेका वडा नं. ४ र ६ का कार्यालयहरुका लागि समेत उपयुक्त जग्गा पहिचान गरी भवन निर्माणको कार्य अघि बढाइनेछ ।

### (ग) उर्जा, लघु जलविद्युत

- गाउँपालिकाभित्र साना जलविद्युतको सम्भाव्यता अध्ययन गरी १ मेघावाटसम्म क्षमताको लघु जलविद्युत निर्माण तथा उत्पादनका लागि स्थानीयवासीको सहभागीतामा जोड दिइनेछ ।
- विद्यालय, स्वास्थ्य चौकी र तथा सामुदायिक भवनहरुमा वैकल्पिक उर्जा प्रवर्द्धनक केन्द्रसँग सहकार्य गरी सौर्य उर्जा जडान गरिनेछ ।

## ४. वातावरण र विपद व्यवस्थापन

### (क) वन तथा भू-संरक्षण

- गाउँपालिकाभित्र रहेका सरकारी र सामुदायिक वनहरुको संरक्षणमा विशेष पहल गरिनेछ । बनबाट गैरकानूनी रुपमा रुख तथा काठ कटान रोक्नको लागि त्यस्तो गैरकानूनी रुपमा काठको तस्करहरुको गोप्य सूचना दिने व्यक्तिहरुलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।
- खाली पाखा जमिनहरुमा बृक्षारोपणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- औषधीजन्य बिरुवाहरुको संरक्षण, विस्तार र उपयोगको नीतिलाई अवलम्बन गरिनेछ ।
- जडीबुटीहरुको व्यावसायिक खेतीलाई प्रोत्साहन गरिनेछ ।
- भूक्षय नियन्त्रणका लागि आवश्यक कार्य अघि बढाइनेछ ।

### (ख) विपद् व्यवस्थापन

- आकस्मीकरुपमा आइपर्न सक्ने विपद् व्यवस्थापनको लागि समुदाय, सरोकारवाला संघसंस्थाहरुसँग सहकार्य गरी विपद् पूर्व तयारी, उद्धार र पुनस्थापनाको नीति अवलम्बन गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु ल्याइनेछ ।
- विपद्बाट आउन सक्ने समस्यालाई तत्काल सम्बोधन गर्नको लागि विपद् व्यवस्थापन कोषको व्यवस्थापन गरिनेछ ।

(ग) फोहोर मैला व्यवस्थापन

- गाउँपालिका भित्र स्थापित फोहोर मैला व्यवस्थापन केन्द्रलाई व्यवस्थीत र प्रभावकारी बनाउने नीति लिइनेछ ।
- नागरिकहरुमा कुहिने र नकुहिने फाहोर मैलाको बर्गीकरण गरि फोहोरलाइ उपयुक्त स्थान व्यवस्थापन गर्न सहयोग पुऱ्याउन खालको कार्यक्रमहरु संचालन गरिनेछ ।

(घ) जल उत्पन्न प्रकोप नियन्त्रण :

- वर्षको समयमा हुन सक्ने बाढी पहिरो रोकथाम गर्नको लागि सचेतना कार्यक्रम तथा तत्काल उद्वारको लागि प्रयोग हुने समाग्री र जनशक्तिको व्यवस्थापन गरिनेछ ।

## ५. विकास तथा सेवा प्रवाह :

(क)संस्थागत क्षमता विकास

- समय सापेक्ष कर्मचारी र पदाधिकारीहरुको क्षमता विकासको लागि समय समयमा तालिम, गोष्ठि, अभिमुखीकरणका कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

(ख) मानव संसाधन विकास

- सामाजिक आर्थिक उद्यमशीलताको विकास गर्दै युवाहरुलाई रोजगारी तथा स्वरोजगारी र सामाजिक कार्यका लागि अवसर प्रदान गरिनेछ ।

(ग) राजश्व परिचालन :

- आ.व. ०७५।७६ देखि एकीकृत सम्पत्ती कर नियम बनाई लागु गरिनेछ ।
- गाउँपाकिाको आन्तरिक आम्दानी बृद्धि गर्ने स्रोतहरुको पहिचान गरि राजश्वको परिचालन गरिनेछ ।
- निकासी कर, व्यवसायी कर, ढुङ्ग गिटी र वालुवाको उत्खनन् र निकासीबाट राजस्व संकलन गर्ने नीति लिइनेछ ।
- नागरिकहरुमा कर तिर्ने बानिको विकास गरि राजश्व चुहावट प्रबृद्धिलाइ निरुत्साहित गरिनेछ ।

**६)स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन :**

- गाउँपालिकाको विभिन्न क्षेत्रसंग सम्वन्धी तथ्यांकहरु संकलन गर्ने र संकलन भएका तथ्यांकलाई आधुनिक प्रविधिबाट अध्यावधीक गर्दै अभिलेख सुरक्षीत तरिकाले व्वस्थापन गर्ने नीति लिईनेछ

**७) सुचना प्रविधिः**

- गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा, कार्यक्रम, सुचना प्रवाह प्रउालीलाइ्र प्रभावकारी र पारदर्शी बनाउनेको लागि WEBSITE, MOBILE APPS मार्फत यथा समयमा सार्वजनिक गर्ने र अनलाईन सेवा प्रवाहको नीति लिइनेछ।
- वडा कार्यfयहरुबीच इन्टरनेटको माध्यमबाट रिपोर्ट पेश र सुचना आदान प्रदान गर्ने प्रणालीको विकास गरिनेछ।
- नागरिकहरुमा इन्टरनेटको माध्यमबाट सुचना लिने, दिने, गुनासो टिपोट गराउने प्रणालीको विकास गरिनेछ।

**८) पञ्जीकरण व्वस्थापन :**

गाउँपालिकाको व्यक्तिगत घटना दर्ता अनलाईन प्रणाली, सामाजिक सुरक्षा भत्तालाइ्र आधुनिक बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने व्यवस्था मिलाईनेछ।

**९) सुशासन प्रवर्द्धन**

- भ्रष्टाचार प्रति शून्य सहनशीलताको नीति लिइनेछ। गाउपालिका भित्र सञ्चालन हुने सम्पूर्ण योजना तथा कार्यक्रमहरुको भुक्तानी पूर्व प्राविधिक तथा स्थलगत निरीक्षण अनूगमन गरी पूर्ण सन्तोषजनकरुपमा कार्य भएको पाइएमा मात्र भुक्तानीको प्रक्रिया अघि बढाइनेछ।
- कार्यालयबाट सम्पादन गरिने सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाईनेछ।
- कर्मचारीहरुको कामको उचित मुल्याङ्कन गरी दण्ड र पुरस्कारको नीतिलाई अवलम्बन गरिनेछ।
- जनप्रतिनिधिहरुलाई जनताप्रति पूर्ण उत्तरदायि बनाई जनताको सेवामा प्रतिवद्ध हुन उत्प्रेरित गरिनेछ।

## १०) विविध नीति तथा कार्यक्रभ

- कर्मचारी तथा जनप्रतिनिधिहरुको समयसापेक्ष क्षमता विकासका  लागि तालिम, गोष्ठी र अभिमुखीकरणका कार्यक्रमह्र सन्चालन गर्ने नीति लिइनेछ ।
- गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई सूचना प्रविधिमैत्री बनाइनेछ ।
- खुला दिशामुक्त गाउँपालिका घोषण गर्न आवश्यक प्रकृया अगाडि बढाक्ष्नेछ ।
- स्वच्छ खानेपानी वितरण अन्तर्गत एक घर एक धाराको कार्यक्रमलाइृ प्रभावकारी बनाउन GWS  गोरखा वेलफेयरको सहयोगमा वडा नं. ५ मा घ्युब्रङ खानेपानि कत्रोङ खानेपानि र परङदो खानेपानि योजना र वडा नं. १ मा लब्दुङ खानेपानि र मचेत खानेपानि आयोजनालाई कार्यन्वयनमा ल्याइनेछ ।

**आदरणीय सभाका सभा अध्यक्षज्यू**

अव म बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहान्छु ।
आगामी आर्थिक वर्षका नीति, कार्यक्रम र आयोजना कार्यान्वयन गर्न रु.२५करोड ८२ लाख ३४ हजार ४४४ विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु खर्च तर्फ ३ करोड ६० लाख अर्थात कुल विनियोजनको १३.९४ प्रतिशत, पूँजीगत तर्फ १४ करोड ९ लाख १४ हजार अर्थात कुल विनियोजनको ५४.५७ प्रतिशत र सशर्त तर्फ ८ करोड १३ लाख २० हजार अर्थात कुल विनियोजनको ३१.४९ प्रतिशत विनियोजन गरिएको छ ।

शिक्षा, स्वास्थ्य, कृषि प्राविधिक तथा महिला तथा वालवालिका कार्यक्रम तर्फका कर्मचारीहरु तलब, भत्ता लगायतका सूविधाको लागि संघीय सरकारबाट प्राप्त सशर्त अनुदान ५ करोड ०८ लाख समावेस भएको छ ।अगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये संघीय सरकारवाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान रु.६ करोड ६१ लाख एवं प्रदेश सरकारवाट प्राप्त हुने समानिकरण अनुदान७६ लाख ३६ हजार, सशर्त अनुदान रु. ३ करोड ५ लाख २० हजार, विशेष अनुदान ५ करोड, आन्तरीक राजश्व असुली रु. २० लाख गत आ.व को खर्च गर्न नसकेको ५ करोड ११ लाख ७८ हजार ४४४ बाट व्यहोरिने छ ।

गाउँसभाका सम्पुर्ण सदस्यहरु,

रुबि भ्याली गाउँपालिकाको स्थानीय सरकारमाथि यहाँका जनताले ठूलो आशा र विश्वास लिएका छन् । सोही आशा र विश्वासलाई कायम राख्न र गाउँपालिकाको समृद्धिको लागि सीमित स्रोत र साधनको अत्याधिक प्रयोग हुने गरी सबै क्षेत्रको सन्तुलित ढंगले विकास हुने गरी स्रोत परिचालन गर्नुपर्ने देखिन्छ । संविधान प्रदत्त जनताको मौलिक हक र अधिकारको निर्वाध उपभोगको वातावरण सिर्जना गर्न नीतिगत र संस्थागत व्यवस्था गर्नु आवश्यक देखिन्छ । गाउँपालिकाले लिएको नीति र बनाएको बजेट कार्यान्वयनमा सम्पूर्ण गाउँसभाका सदस्यहरु, सम्वद्ध सवै पक्षहरु, कर्मचारी मित्रहरुबाट सहयोग, सल्लाह र समन्वयको आशा गरेको छु ।

**अन्तमा,**

अन्तमा नीति तथा कार्यक्रम र बजेट तर्जुमाका क्रममा सुझाव र सहयोग दिनुहुने गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाअध्यक्ष, गाउँसभाका सदस्यहरु, विभिन्न विषयगत समितिका संयोजकहरु राजनीतिक दलका संयोजकहरु, गाउँपालिकाका शुभचिन्तकहरु, उद्यमी, व्यवसायी, समाजसेवी, बुद्धिजिवी लगायत सम्पुर्ण कर्मचारी साथीहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । यसरीनै बजेट कार्यान्वयनमा सम्बद्ध सवै पक्षको सहयोग प्राप्त हुने अपेक्षा गरेको छु । धन्यवाद